आज मिति २०८३/०१/२२ गतेका दिन विहान ११:०० वजे यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिल वमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :– श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :– श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :– श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :– श्री चेत बहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :– श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :– श्री वल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :– श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :– श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :– श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :– श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :– श्री हरिशचन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :– श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :– श्री पूर्ण घले

कार्यपालिका सदस्य :– श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :– श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :– श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :– श्री विज्ञान पौडेल

अन्य उपस्थिति :

प्रशासकीय अधिकृत :– श्री अर्जुन चपाई

लेखा अधिकृत :– श्री मनी राना मगर

ईन्जिनियर :– श्री सुरेश गौतम

**मिति २०८३ बैशाख २२ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु**

**निर्णय नं. १ : अघिल्लो बैठकको समीक्षा तथा रिपोर्टिङ्ग सम्बन्धमा ।**

मिति २०८२/१२/२३ को मर्स्याङ्दी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णयहरु कार्यान्वयनको अवस्था बारे यस बैठकमा समीक्षा गरियो । साथै वडाको कार्य प्रगति र वर्तमान अवस्था बारे वडा अध्यक्ष ज्यूहरुबाट रिपोर्टिङ भयो । समीक्षा र रिपोर्टिङ्गको क्रममा बैठकमा उठेका विषयहरुमा छलफल भयो । समग्र कार्य प्रगति सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं.२ : आ.व. २०८३/०८४ को पहिलो गाउँ सभा सम्बन्धमा ।**

यस मर्स्याङ्दी गाउँपालिकाको आ.व.२०८३/०८४ को बजेट, निती तथा कार्यक्रम प्रस्तुत गर्न पहिलो अधिवेशनको पहिलो बैठक मिति २०८३/०३ /०५ गते विहान ११:०० बजे गाउँपालिकाको सभाहलमा गर्ने यस गाउँपालिकाको गाउँकार्यपालिका बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं ३ : आ.व.२०८३/०८४ को निती तथा कार्यक्रम सम्बन्धमा ।**

आ.व.२०८३/०८४ को नीति तथा कार्यक्रम उपर छलफल गर्न र राय सुझावहरु संकलन गर्न मिति २०८३/०२/२५ गते विहान ११:०० बजे गाउँपालिका स्तरिय राजनितिक दलका प्रमुख वा प्रतिनिधी, सरोकारवाला विभिन्न संघ संस्थाका प्रमुख वा प्रतिनिधीहरुको उपस्थितिमा भेलाको आयोजना गर्ने यस गाउँपालिकाको गाउँकार्यपालिका बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. ४ : विभिन्न समितिहरुको बैठक तोक्ने सम्बन्धमा ।**

आ.व. २०८३/०८४ को बजेट, निती तथा कार्यक्रम तयारी सन्दर्भमा आवश्यक विभिन्न समितिहरुको बैठक निम्नानुसारको समयतालिका बमोजिम गाउँपालिकाको कार्यलयमा राख्ने यस गाउँपालिकाको गाउँकार्यपालिका बैठकमा सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

- राजश्व परामर्श समितिको बैठक - मिति २०८३/०२/०१ गते, विहान ८:०० बजे ।
- सामाजिक विकास समितिको बैठक - मिति २०८३/०२/०५ गते, विहान ८:०० बजे ।
- पूर्वाधार विकास समितिको बैठक - मिति २०८३/०२/०६ गते, विहान ८:०० बजे ।
- सार्वजनिक सेवा तथा क्षमता विकास समितिको बैठक - मिति २०८३/०२/०७ गते, विहान ८:०० बजे ।
- आर्थिक विकास समितिको बैठक - मिति २०८३/०२/०८ गते, विहान ८:०० बजे ।
- वातावरण तथा विपद् व्यवस्थापन समितिको बैठक - मिति २०८३/०२/१२ गते, विहान ८:०० बजे ।
- विद्यायन समितिको बैठक - मिति २०८३/०२/१३ गते, विहान ८:०० बजे ।
- श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक - मिति २०८३/०२/१५ गते, विहान ८:०० बजे ।
- बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक- मिति २०८३/०२/१९गते, विहान ८:०० बजे ।

पौडेल
प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

**निर्णय नं. ५ : पानी घट्ट संरक्षण कार्यक्रमको लागि आवेदकहरु छनौट सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिकाको चालु आ.व. २०८२/८३ को स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत यस गाउँपालिका भित्र सञ्चालित पानी घट्ट, ढिकी, जाँतो संरक्षण कार्यक्रम शिर्षकमा विनियोजित रकमबाट चालु आ.ब.मा यस गाउँपालिका भित्र सञ्चालित पानी घट्टहरुलाई मात्र व्यवस्थित, निरन्तरता र संरक्षण गर्नको लागी मिति २०८२ चैत १८ गते प्रकाशीत **"पानी घट्ट संरक्षण कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना"** वमोजिम विभिन्न वडाबाट सिफारिस साथ प्राप्त तपसिल वमोजिमको निवेदकहरूलाई तपसील बमोजिमको रकम अनुदान उपलब्ध गराउने यस कार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | वडा नं. | नामथर | नागरिकता नं. | रकम |
|---|---|---|---|---|
| १ | १ | सुक वहादुर कामी | ६२९ | रु. ५०,०००।- |
| २ | २ | देव प्रसाद गुरुङ | ४५१००७/१००७३ | रु. ५०,०००।- |
| ३ | २ | यु वहादुर गुरुङ | ६१ | रु. ५०,०००।- |
| ४ | २ | लाल वहादुर कामी | ३७८ | रु. ५०,०००।- |
| ५ | २ | रवि वहादुर गुरुङ | ४४ | रु. ५०,०००।- |
| ६ | ३ | दानी राम गुरुङ | १८३३८ | रु. ५०,०००।- |

**निर्णय नं. ६ : चितवन मेडिकल कलेज सँगको सम्झौता सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिकावासीको स्वास्थ्य उपचारलाई थप सहज र सुलभ वनाउनको निम्ति भरतपुर, चितवन स्थित चितवन मेडिकल कलेजलाई यस गाउँपालिकाको विरामीहरुको उपचारमा लाग्ने शुल्कमा सक्दो सहुलियत प्रदान गरिदिने व्यवस्था मिलाईदिनुहुन अनुरोध गरि पठाउने यस गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. ७ : शिक्षकहरुको तलब भत्ता निकासा गर्ने सम्बन्धमा ।**

साविकमा शिक्षकहरुको तलब त्रैमासिक रुपमा निकासा हुने गरेकोमा यस मर्स्याङ्दी गाउँपालिकाका भित्रका सम्पुर्ण सामुदियक विद्यालयहरुमा कार्यरत शिक्षक, वालविकास सहजकर्ता, विद्यालय कर्मचारी, विद्यालय सहयोगीहरुको मिति २०८३ वैशाख महिना देखी मासिक रुपमा तलव भत्ता विद्यालयको खातामा निकासा गर्ने यस गाउँकार्यपालिकाको वैठकमा सर्वसहमतीले निर्णय गरियो ।

विज्ञान पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

**निर्णय नं. ८ : नाईचे सामुदायिक स्वास्थ्य इकाईको जग्गा खरिद सम्बन्धमा।**

मर्स्याङ्दी गाउँपालिका वडा नं. ६ निवासी नर जङ्को नाती दमा गुरुङको छोरा मेगधन गुरुङको नाममा दर्ता कायम रहेको मर्स्याङ्दी गाउँपालिका वडा नं. ६ साविक बाहुनडाँडा गा.वि.स. वडा नं. २ को किता नं. ५५० क्षेत्रफल १–१३–३–० (रो.आ.पै.दा.)को जग्गा मध्ये ०–६–०–० मात्र यस मर्स्याङ्दी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अन्तर्गतको नाइचे सामुदायिक स्वास्थ्य इकाईको भवन निर्माण गर्नको लागि नामसारी गर्ने यस गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. ९ : दिव्य ज्योति हाईड्रो पावरको प्रभावित वडा प्रस्ताव सम्बन्धमा।**

मर्स्याङ्दी गाउँपालिकाको वडा नं.८ र ९ र वेसिशहर नगरपालिकाको वडा नं. १० र ६ मा पर्ने भनिएको दिव्य ज्योति हाईड्रो पावर लि. को ड्याम स्थल वडा नं. ३ नजिकको दुरीमा पर्ने र यस ड्याम साईटको निर्माण गर्दा मर्स्याङ्दी गाउँपालिकाको वडा नं ३ का वस्तिहरुलाई समेत प्रभात्र पर्ने भएकोले मर्स्याङ्दी गाउँपालिका वडा नं. ३ वासीले सम्वाद तथा समन्वय समिति गठन गरी समितिको तर्फबाट सोका लागि सम्वन्धित निकायहरुमा आवश्यक पहल गरी दिन हुन मिति २०८२/१२/३० गते यस कार्यलयमा ज्ञापन पत्र बुझाएको हुँदा उक्त ज्ञापन पत्रको प्रतिलिपी सहित दिव्य ज्योति हाईड्रो पावर लि. लाई वडा नं. ३ लाई समेत प्रभावित वडाको रुपमा राख्ने बारे आवश्यक अध्ययन गरी सम्वन्धित निकायहरु मार्फत आवश्यक पहल गरिदिनुहुन अनुरोध गरि पठाउने यस गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. १० : लामागाउँ सामुदायिक स्वास्थ्य ईकाईको बजेट माग सम्बन्धमा।**

मर्स्याङ्दी गाउँपालिका वडा नं. ९ मां रहेको लामागाउँ सामुदायिक स्वास्थ्य ईकाईको विँद्युतिय वायरिङ अत्यन्तै जिर्ण भएकोले दैनिक सेवा प्रवाहमा समस्या भएको भनि त्यस स्वास्थ्य ईकाईले विद्युतिय वायरिङ गर्नका लागि रु.३०,०००।- बजेट माग गरेको हुँदा उक्त स्वास्थ्य ईकाईको विद्युतिय वायरिङ र सो सँग सम्वन्धित सामाग्री खरिद समेतको लागि रु ३०,०००।- (अक्षरमा तिस हजार रुपैया) चालु खर्च तर्फ विनियोजित विविध खर्च शिर्षकबाट विनियोजन गर्ने यस गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो।

विशाल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

**निर्णय नं. ११ : भुक्तानी सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिका -४, च्याम्चे स्थित तारे भिरलाई साहसिक खेल "रक क्लाइम्बिङ"को गन्तव्यको रुपमा प्रवर्द्धन गर्न विभिन्न अन्तराष्ट्रिय माउन्टेन गाईडहरुको एक समुहले झन्डै एक हप्ता भन्दा बढि समय लगाएर उक्त स्थानको प्रवर्द्धनको काम गर्दा खान बस्नको लागि भएको खर्च रु. ५० हजार पर्यटन प्रवर्द्धन कार्यक्रम बजेट शिर्षकबाट भुक्तानी दिने यस गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. १२ : भुस्मे आलु खेति किसानहरुको क्षति सम्बन्धमा ।**

मिति २०८३/०१/१४ गते दिउँसो ४:०० बजेदेखि ५:०० बजेसम्म आएको भिषण असिनापानी तथा केही दिन अघिदेखिको मौसम प्रतिकुलताका कारणले देखिएको पछौटे डडुवाका कारण मर्स्याङ्दी गाउँपालिका वडा नं ०८, भुष्मेमा कृषकहरुले वसन्त आलुका रुपमा २०८२ फागुन पहिलो सातामा लगाएको स्थानीय जातको आलु आंशिक तथा पुर्ण क्षति भएकाले मिति २०८३/०१/१९ गतेका दिन मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङ, वडाध्यक्ष श्री धनसिङ तामाङले स्थलगत अनुगमन, कृषि प्राविधिकको स्थलगत क्षति मुल्याङ्कन प्रतिवेदन, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको आलु सम्बन्धी तथ्याङ्क (उत्पादन, उत्पादकत्व) र लमजुङ जिल्लाको हालसालैको उत्पादकत्व तथा बजार भाउ आदिलाई आधार मानेर मर्स्याङ्दी गाउँपालिकाको आ.व. २०८२/८३ को वार्षिक निति, कार्यक्रम तथा बजेट अन्तर्गत विविध कार्यक्रम खर्च (२२५२९) मा रहेको विपद् व्यवस्थापन कोष शिर्षकमा विनियोजित बजेटबाट आलु वालीमा क्षति भएका कृषकहरुलाई मागमा आधारित रही प्रचलित बजार भाउ अनुसार एकमुष्ट रकम रु. ६७,२७५/- (अक्षरुपी सत्सठ्ठी हजार दुई सय पचहत्तर रुपैंया मात्र) बराबरको तरकारीको बिउ विजन राहत स्वरुप निःशुल्क रुपमा वितरण गर्ने निर्णय गरियो।

साथै राहत स्वरुप आलुबालीमा क्षति भएका कृषकहरुले माग गरेबमोजिम तरकारी बालीको बिउविजन आवश्यक परिमाणमा वितरण गरिने निर्णय गरियो।

बिशाल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

**निर्णय नं १३ : आर्थिक सहयोग सम्बन्धमा ।**

१. **विविध कार्यक्रम खर्च (२२५२९) विभिन्न धार्मीक, सांस्कृतिक, साहित्यिक महोत्सव दिवस गोष्ठि सम्बन्धि खर्च शिर्षकबाट निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।**

क) लमजुङ जेसिस, बेसिशहर, लमजुङ रु.२५,०००।- (पच्चिस हजार रुपैया मत्र ) (विश्व शान्तिको लागि म्याराथन आयोजनार्थ)

ख) भक्ति थापा जन्मस्थल संरक्षण सम्वर्धन तथा विकास समिति, मर्स्याङ्दी -३, रु. १,००,०००।- (एक लाख रुपैया मात्र) राष्ट्रिय विभूति सरदार भक्ति थापाको २११ औं स्मृति दिवस विभिन्न कार्यक्रमहरुका साथ पर्यटन प्रवर्द्धनार्थ मनाउन)

ग) मनास्लु युवा क्लव, मर्स्याङ्दी -३ रु.१,००,०००।- (एक लाख रुपैया मात्र) २५ औं शहिद सुकमान गुरुङ स्मृति कप २०८३ पुरुष तथा महिला फुटवल प्रतियोगिता तथा स्मृति दिवस मनाउन ।

घ) बेसीशहर यूथ सोसाईटी, बेसीशहर, लमजुङ रु.३०,०००।- (अक्षरमा तिस हजार रुपैया मात्र) Concert for Tiffin कार्यक्रम सञ्चालनार्थ ।

२. **विविध कार्यक्रम खर्च (२२५२९) विपद् व्यवस्थापन कोष शिर्षकबाट निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।**

क) मिति २०८२/१२/२१ गते बेसिशहर देखि मर्स्याङ्दी -७, छिनखोला तर्फ गईरहेको बोलेरो जिप मर्स्याङ्दी -७, डादी र उस्ता बैंसी बिच करिब बेलुका ४:४५ बजे दुर्घटना भई २ जनाको मृत्यु र अन्य यात्रुहरु घाईते भएको घटना प्रति गहिरो दुःख व्यक्त गर्दै दुर्घटनामा परि मृत्यु हुने मृतकको परिवार र घाईते हुने तपसिल बमोजिमका व्यक्तिहरुलाई निम्नानुसार राहत वितरण गर्ने यस गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो ।

**मृतकहरु :** (किरिया खर्चको लागि परिवारलाई उपलब्ध गराईने)

१. गंगामाया गुरुङ, मर्स्याङ्दी -७, रु. २५,०००।- (पच्चिस हजार रुपैया मात्र)
२. ईश्वरी गुरुङ घले, मर्स्याङ्दी -७, रु. २५,०००।- (पच्चिस हजार रुपैया मात्र)

**घाईतेहरु :** (उपचार खर्चको लागि)

१. रिता गुरुङ, मर्स्याङ्दी -७, रु. २०,०००।- (बिस हजार रुपैया मात्र)
२. विमला देवी घले, मर्स्याङ्दी -७, रु. १५,०००।- (पन्ध्र हजार रुपैया मात्र)
३. सन्त बहादुर घर्ति, मर्स्याङ्दी -७, रु. १५,०००।- (पन्ध्र हजार रुपैया मात्र)
४. रुद्रमान घले, मर्स्याङ्दी -७, रु. १५,०००।- (पन्ध्र हजार रुपैया मात्र)
५. प्रकाश गुरुङ, मर्स्याङ्दी -७, रु. १५,०००।- (पन्ध्र हजार रुपैया मात्र)
६. रितेश गुरुङ, मर्स्याङ्दी -७, रु. १५,०००।- (पन्ध्र हजार रुपैया मात्र)



विज्ञान पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

ख) मर्स्याङ्दी -९ निवासी निम्न परिवारका सदस्यहरु २०८३ वैशाख १७ गते माईति भेट्न जाँदा रुकुम पूर्ववाट रोल्पाको जलजला जाने क्रममा दुर्घटनामा परि मृत्यु हुन पुगेकोले यो दुःखद घटना प्रति गहिरो दुःख व्यक्त गर्दै दुर्घटनामा परि मृत्यु हुने निम्नानुसारको मृतकको परिवारहरुलाई निम्नानुसार राहत उपलब्ध गराउने यस गाउँपालिकाको गाउँकार्यपालिकाको वैठकबाट सर्वसम्मतिले निर्णय गरियो ।

**मृतकहरु :** ( किरिया खर्चको लागि परिवारलाई उपलब्ध गराईने)

१. लोजिना जि सि थापा, मर्स्याङ्दी -९ रु. २५,०००।- (पच्चिस हजार रुपैया मात्र)

२. संयोग थापा, मर्स्याङ्दी -९ रु. २५,०००।- (पच्चिस हजार रुपैया मात्र)

**३. विविध कार्यक्रम खर्च (२२५२९) असक्त, असहाय, विपन्न सहायता कोष शिर्षकबाट निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।**

यस मर्स्याङ्दी गाउँपालिकाकाको असक्त असहाय,विपन्न सहायता कोष सञ्चालन कार्यविधि (पहिलो शंशेधन) २०७५को दफा २(च)को मापदण्ड पुगेका विरामीहरुलाई सोही कार्यविधिको दफा १२(१२.१) अनुसार तपसिलका विरामीहरुलाई उनिहरुको उपचार खर्च अत्यन्तै धेरै लाग्ने भएकोले निम्न अनुसारको रकम विविध कार्यक्रम खर्च (२२५२९) शिर्षक असक्त असहाय विपन्न सहायता कोषबाट आर्थिक सहयोग गर्ने यस गाउँकार्यपालिकाको वैठकमा सर्वसहमतीले निर्णय गरियो ।

तपसिल

| सि.न. | नाम थर | ठेगाना | रकम | कै. |
|---|---|---|---|---|
| १ | देवी माया घले गुरुङ | म.गा.पा. ३ | रु.१,००,०००।- (एक लाख रुपैया मात्र) | वोनम्यारो र क्यान्सर |
| २ | फिलिप अधिकारी | म.गा.पा. ७ | रु.१,००,०००।- (एक लाख रुपैया मात्र) | वोनम्यारो र क्यान्सर |
| ३ | मन बहादुर अधिकारी | म.गा.पा. ३ | रु.२०,०००।- (विस हजार रुपैया मात्र) | क्यान्सर |

**निर्णय नं. १४ : शोक प्रस्ताव पारित सम्बन्धमा ।**

यस मर्स्याङ्दी गाउँपालिकाका गाउँकार्यपालिकाको कार्यालयमा स्थानीय प्रशासन सेवा विविध समूह सहायक कम्प्युटर अधिकृत पदमा कार्यारत श्री वसन्त वरुवालको वुवा पोखरा महानगरपालिका-१९ निवासी श्री सागर बहादुर वरुवाल क्षेत्रीको यहि मिति २०८३/०१/१३ गते ६८ वर्षको उमेरमा असमायिक निधन भएकोले मृत आत्मप्रति भावपूर्ण श्रद्धाञ्जली एव सम्पुर्ण परिवार जनप्रति गहिरो समवेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गर्ने यस गाउँकार्यपालिकाको वैठकमा सर्वसहमतीले निर्णय गरियो ।

विकास पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष



CamScanner